# वैतेश्वर राजपत्र

**वैतेश्वर गाउँपालिकाद्धारा प्रकाशित**

**खण्ड ७) पाडुडाँडा, दोलखा, बागमती प्रदेश, नेपाल साउन १५ गते २०८१ (संख्या ४**


## भाग २

## वैतेश्वर गाउँपालिकाको चिस्यान केन्द्र सञ्चालन कार्यविधि, २०८१

(गाउँ कार्यपालिकाबाट पारित)

(गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८१।०१।२९)

**प्रस्तावनाः**

वैतेश्वर गाउँपालिका, आसपासका स्थानीय तह तथा जिल्लाहरुमा विभिन्न प्रकारका कृषि उपजहरु भण्डारण गरि लामो समय सम्म गुणस्तर कायम राख्न बजार व्यवस्थापनमा सहजता ल्याउन निर्माण सम्पन्न भएको वैतेश्वर गाउँपालिकाको चिस्यान केन्द्र संचालनको लागि वैतेश्वर गाउँ कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरि लागु गरिएको छ ।

### परिच्छेद १
### प्रारम्भिक

**१) संक्षिप्त नाम र प्रारम्भः**

क) यस कार्यविधिको नाम **"वैतेश्वर गाउँपालिकाको चिस्यान केन्द्र सञ्चालन कार्यविधि,** २०८१" रहेको छ ।

ख) यो कार्यविधि वैतेश्वर गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

वैतेश्वर राजपत्र

**२) परिभाषा:** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) **“कृषि जन्य वस्तु"** भन्नाले कृषकहरुले उत्पादन गरेको पशुपन्छी जन्य उत्पादन बाहेक सम्पूर्ण लामो समयसम्म भण्डार गर्न सकिने उत्पादन जस्तै आलु, प्याज, अदुवा, बेसार तथा फलफुल लगायतका कृषि जन्य उत्पादन बुझ्नु पर्नेछ।

ख) **"कार्यक्रम"** भन्नाले सङ्घीय सरकार, बागमती प्रदेश सरकार र वैतेश्वर गाउँपालिकाको संयुक्त लगानीमा निर्माण भएको वैतेश्वर गाउँपालिकाको चिस्यान केन्द्र संचालन कार्य सम्झनु पर्दछ ।

ग) **“चिस्यान केन्द्र"** भन्नाले कृषि उपजको सुरक्षित भण्डारणको लागि चिस्यान सुविधा भएको एक वा धेरै च्याम्बर भएको एक तले संरचना (कोल्ड स्टोर) सम्झनु पर्दछ ।

घ) **“समिति”** भन्नाले चिस्यान केन्द्रको सञ्चालनको निम्ति वैतेश्वर गाउँपालिकाद्वारा गठित चिस्यान केन्द्र व्यवस्थापन समितिलाई सम्झनु पर्दछ ।

**३) उद्देश्य:** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछः

क) कृषि उपजहरुको उत्पादन उपरान्तको क्षती न्यूनीकरण गर्ने ।

ख) कृषि उपजको गुणस्तर प्रवर्द्धन र मूल्य अभिवृद्धि सहित बजारको माग अनुसार आवश्यक परिमाणमा उपलब्ध गराउने ।

ग) कृषि उपजहरुको बजारीकरणलाई सहज गराउने ।

घ) यस क्षेत्रका कृषकहरुलाई आफ्नै क्षेत्रमा भण्डारणको सुविधा प्रदान गरि कृषि उत्पादन तर्फ आकर्षित गराउने ।

## परिच्छेद २

## कार्यक्रम सञ्चालन

**४) कोल्ड स्टोरको क्षमता:** यस चिस्यान केन्द्रको कुल क्षमता १०० मे.टन रहेको छ ।

**५) चिस्यान केन्द्र सञ्चालन:** यस चिस्यान केन्द्र संचालनको लागि वैतेश्वर गाउँपालिका क्षेत्र भित्रका कृषि सहकारी, कृषक समूह तथा निजि क्षेत्र मध्येबाट कुनै एक निकायलाई जिम्मेवारी दिईनेछ । चिस्यान केन्द्र संचालन तथा व्यवस्थापन गर्ने जिम्मेवार निकायको छनोट तथा चिस्यान केन्द्र सम्बन्धी अन्य अनुगमन तथा नियमनको लागि देहाय बमोजिमको ५ सदस्यीय चिस्यान केन्द्र व्यवस्थापन समिति गठन गरिने छ ।

क) वैतेश्वर गाउँपालिका अध्यक्ष - संयोजक

ख) वैतेश्वर गाउँपालिका उपाध्यक्ष - सदस्य

ग) कृषि सहकारी संस्थाको प्रतिनिधी - सदस्य

घ) कृषक समुहको प्रतिनिधी - सदस्य

ङ) कृषि शाखा प्रमुख - सदस्य सचिव

**६) चिस्यान केन्द्रमा लाग्ने शुल्कः** कृषि जन्य उत्पादनहरु चिस्यान केन्द्रमा राखे बापत कृषकहरुले प्रति सिजन प्रति केजि रु ५ (पाँच) का दरले सेवा शुल्क रकम तिर्नु पर्नेछ ।

**७) नाफा बाँडफाँडः** चिस्यान केन्द्र सञ्चालन पश्चात प्राप्त कुल आम्दानीबाट लागत कटाई बाँकी रकमको ५०% संचालन गर्ने निकाय र ५०% वैतेश्वर गाउँपालिकालाई हुने गरी रकम बाँडफाँड गर्ने गरि सम्झौता गरिने छ ।

**८) जिम्मेबारी तथा क्षतिपूर्तिको व्यवस्थाः** चिस्यान केन्द्रमा कृषिजन्य बस्तु भण्डारण गरे पछि कृषकले फिर्ता नलिए सम्म कृषिजन्य वस्तुको जिम्मेवारी चिस्यान केन्द्र सञ्चालकको हुनेछ । कुनै कारणवस माल वस्तु क्षति हुन गएमा सञ्चालकले प्रचलित कानुन बमाजिम क्षतिपुर्ती दिनु पर्नेछ । चिस्यान केन्द्र सञ्चालकले चिस्यान केन्द्रमा भण्डारण गरिएका माल वस्तुको बिमा गर्ने व्यवस्था मिलाउन सक्नेछ ।

## परिच्छेद ३
## छनौट प्रक्रिया

**९) सूचना प्रकाशनः** यस चिस्यान केन्द्र सञ्चालनको लागि वैतेश्वर गाउँपालिका क्षेत्र भित्रका कृषि सहकारी, कृषक समूह तथा निजी क्षेत्रलाई कार्य योजना सहित प्रशतावना पेश गर्न १५ दिनको सूचना प्रकाशन गरिने छ ।

**१०) छनोटः** प्रस्तावना पेश गरेका कृषि सहकारी, कृषक समूह तथा निजी क्षेत्रहरु मध्ये कुनै एक संस्थालाई निजले गरेको प्रस्तावनाको मूल्याङ्कनको आधारमा चिस्यान केन्द्र सञ्चालक समितिबाट छनौट गरी चिस्यान केन्द्र सञ्चालन तथा व्यवस्थापन गर्ने जिम्मा दिईने छ ।

**११) कार्यक्रम सम्झौताः** छनौट भएको समूह, सहकारी वा निजी क्षेत्रलाई ७ दिन भित्र बोलाई सम्झौता गरिने छ ।

**१२) सम्झौता कार्यान्वयनः** सम्झौता पश्चात चिस्यान केन्द्र सञ्चालन गर्ने निकायले सम्झौतामा उल्लेखित शर्त तथा मापदण्डहरु पुरा गरि चिस्यान केन्द्र सञ्चालन गर्नुपर्नेछ ।

## परिच्छेद ४
## बिबिध

**१३) प्रचलित कानुन बमोजिम हुनेः** यस कार्यविधिमा व्यवस्था भएका विषयहरु यसै कार्यविधि र उल्लेख नभएका विषयहरु प्रचलित कानून बमोजिम हुनेछ ।

वैतेश्वर राजपत्र

**<u>१४) बाधा अड्काउ फुकाउः</u>** यस कार्यविधिको व्याख्यामा दुविधा उत्पन्न भएमा वैतेश्वर गाउँपालिकाको कार्यपालिकाले आवश्यक निर्णय लिई बाधा अड्काउ फुकाउ गर्नेछ ।

**<u>१५) कारबाहीको व्यवस्थाः</u>** चिस्यान केन्द्र सञ्चालनको जिम्मेवारी पाएको निकायले कुनै किसिमको लापरवाही गरेको पाईएमा प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

**<u>१६) संशोधनः</u>** यो कार्यविधि गाउँ कार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

आज्ञाले

ऋषिराम ज्ञवाली

प्रमुख प्रशासकीय अधिकृत

वैतेश्वर राजपत्र